धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ३५ ◆ २०८३ भदौ ४ गते बिहीबार, Thursday, August 20, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## जग्गा फुकुवाको माग गर्दै प्रशासनमा ज्ञापनपत्र

*प्रत्यूष समाचारदाता*

धादिङबेशी । नीलकण्ठ नगरपालिका-१२, मालेबगरका करिब १५० घरजग्गाधनीले लामो समयदेखि रोक्का रहेको जग्गा फुकुवा गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय धादिङमा ज्ञापनपत्र बुझाएका छन् । उनीहरूले जग्गा रोक्का गरिएको वास्तविक कारण, निर्णय र आदेशबारे स्पष्ट जानकारी दिन तथा कानुनअनुसार फुकुवा गर्न मिल्ने भए तत्काल प्रक्रिया अघि बढाउन माग गरेका हुन् ।

स्थानीयका अनुसार साविक सांकोसअन्तर्गत कित्ता नं. ९३६ भीमसेन श्रेष्ठ र कित्ता नं. ९३७ चिजकुमार श्रेष्ठको नाममा रहेका मूल कित्ताबाट विभिन्न समयमा कानुनी रूपमा किनबेच र नामसारी हुँदै हाल करिब १५० व्यक्तिको नाममा घरघडेरी कायम भएको छ । तर ती जग्गा करिब आठ वर्षदेखि रोक्का रहँदा जग्गाधनीले किनबेच तथा हस्तान्तरण गर्न, बैंकिङ कारोबार गर्न र बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन समस्या भोग्दै आएको बताएका छन् । ज्ञापनपत्रमार्फत उनीहरूले जग्गा रोक्का गर्ने निकाय, रोक्का गरिएको मिति, कारण तथा त्यससम्बन्धी निर्णय, पत्र वा आदेशको विवरण उपलब्ध गराउन माग गरेका छन् ।

प्रचलित कानुनअनुसार रोक्का फुकुवा गर्न सकिने अवस्था भए आवश्यक प्रक्रिया पूरा गरी यथाशीघ्र फुकुवा गरिदिन तथा थप प्रमाण वा कागजात आवश्यक पर्ने भए सम्बन्धित जग्गाधनीलाई स्पष्ट जानकारी दिएर सहजीकरण गर्नसमेत आग्रह गरिएको छ । एउटै समस्याबाट ठूलो संख्यामा घरजग्गाधनी प्रभावित भएको भन्दै स्थानीयले रोक्काको अवस्थाबारे छानबिन गरी दीर्घकालीन समाधानका लागि प्रशासनले आवश्यक पहल गर्नुपर्ने माग गरेका छन् ।

# शिक्षक तथा कर्मचारीको पारिश्रमिक अनुदान वृद्धि

*प्रत्यूष समाचारदाता*



काठमाडौं । सरकारले सङ्घीय अनुदानमा कार्यरत शिक्षक तथा प्रारम्भिक बालविकास (इसिडी) सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान वृद्धि गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रिपरिषद् बैठकले सङ्घीय शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको साविक पारिश्रमिक अनुदानमा १० प्रतिशत वृद्धि गर्ने निर्णय गरेको हो । निर्णयअनुसार सङ्घीय शिक्षण सहयोग अनुदान कोटाका माध्यमिक तहका शिक्षकको मासिक पारिश्रमिक रु ४३ हजार ६६९ बाट बढेर रु ४८ हजार ५८ पुगेको छ ।

त्यस्तै, आधारभूत तहका शिक्षकको मासिक पारिश्रमिक रु ३४ हजार ७३० बाट रु ३८ हजार २०३ कायम भएको छ । यसैगरी, इसिडी सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि सङ्घीय सरकारले उपलब्ध गराउँदै आएको पारिश्रमिक अनुदानमा मासिक रु पाँच हजार थप गरिएको छ । नयाँ व्यवस्थाअनुसार इसिडी सहजकर्ताको मासिक पारिश्रमिक रु १२ हजारबाट रु १७ हजार, विद्यालय सहयोगीको रु १० हजारबाट रु १५ हजार र लेखा हेर्ने विद्यालय कर्मचारीको रु १५ हजारबाट रु २० हजार पुगेको छ ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यालयमा खट्ने विद्यालय कर्मचारी तथा इसिडी सहजकर्ताले लामो समयदेखि भोग्दै आएको समस्या समाधान गर्न पहल गरिएको बताउनुभयो । उहाँहरूको रोजगारी सुरक्षा र पेसागत वृद्धि तथा समग्र वृत्तिविकासमा सरकार प्रतिबद्ध रहेको उहाँले उल्लेख गर्नुभयो । पारिश्रमिक वृद्धि भएपछि न्यून पारिश्रमिकमा सामुदायिक विद्यालयमा कार्यरत इसिडी सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय सहयोगी तथा सङ्घीय शिक्षण सहयोग अनुदान कोटाका शिक्षक प्रत्यक्ष लाभान्वित हुनेछन् । यसबाट विद्यालयमा कार्यरत जनशक्तिको मनोबल वृद्धि भई शैक्षिक गुणस्तर सुधारमा सकारात्मक योगदान पुग्ने विश्वास गरिएको छ ।

पारिश्रमिक वृद्धि कार्यान्वयनपछि सरकारमाथि वार्षिक रु चार अर्ब ६८ करोड ९८ लाख २८ हजार १०० थप दायित्व सिर्जना हुनेछ ।

## श्रेष्ठलाई पक्राउ नगर्न अन्तरिम आदेश

काठमाडौं । उच्च अदालत पाटनले जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई पक्राउ वा धरपकड गर्ने कार्य नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश अच्युत कुइँकेलको एकल इजलासले बुधबार उक्त कार्य नगर्न नगराउन अन्तरिम आदेश दिएको हो । आदेशमा भनिएको छ, "मिति २०८३ साउन २७ मा प्रकाशित समाचारका विषयमा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकलाई धरपकड गर्ने, पक्राउ गर्ने, थुनामा राख्नेलगायतका कार्य नगर्नू, नगराउनू ।" आदेशमा प्रकाशित समाचारका विषयमा प्रेस काउन्सिलमा उजुरी परी कारबाहीयुक्त अवस्थामा रहेको भन्ने उल्लेख भएको र उक्त उजुरीको टुङ्गो नलागेको अवस्था हुँदा एवं नेपालको संविधानको धारा १७ मा प्रत्याभूत विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं धारा १९ मा सञ्चारको हक समेत प्रत्याभूत गरेको उल्लेख छ ।

यसअघि, यही भदौ १ गते पत्रकार श्रेष्ठलाई सर्वोच्च अदालतले थुनामुक्त गर्ने आदेश दिएको थियो ।

# ठमेललाई २४ सै घण्टा सञ्चालन गरिने

*प्रत्यूष समाचारदाता*

काठमाडौं । काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्यस्थल ठमेललाई २४सै घण्टा सुरक्षित, व्यवस्थित र मर्यादित ढङ्गले सञ्चालन गरिने भएको छ ।

ठमेल पर्यटन विकास परिषद्को नवनिर्वाचित टोलीले बुधबार काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलसँग गरेको भेटमा ठमेललाई २४सै घण्टा पारिवारिक, सुरक्षित र मर्यादित रुपमा सञ्चालन गर्न सहकार्य गर्ने सहमति भएको हो । ठमेल पर्यटन विकास परिषद्का तत्कालिन अध्यक्ष भविश्वर शर्माको पहलमा २०८१ सालमा तत्कालिन गृहमन्त्री रवि लामिछानेले ठमेललाई २४सै घण्टा सञ्चालन भएको घोषणा गर्नुभएको थियो ।

परिषद्का महासचिव पशुपति कँडेलले पर्यटकीय केन्द्र ठमेललाई २४सै घण्टा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौं र ठमेल पर्यटन विकास परिषद्बीच सहकार्य गर्ने सहमति भएको जानकारी दिनुभयो । भेटमा ठमेल क्षेत्रको शान्ति-सुरक्षा, ट्राफिक व्यवस्थापन, सडक बालबालिकाको उचित व्यवस्थापन तथा हकर्सको व्यवस्थापन जस्ता महत्वपूर्ण विषयमा छलफल भएको उहाँले बताउनुभयो ।

भेटमा प्रमुख जिल्ला अधिकारी पौडेलले ठमेललाई थप व्यवस्थित बनाउन सुरक्षा निकायलाई आवश्यक रूपमा परिचालन गर्ने र परिषद्सँग प्रभावकारी समन्वय गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त



गर्नुभयो । परिषद्का अध्यक्ष राजुमान डङ्गोलले ठमेलको दीर्घकालीन शान्ति, सुरक्षा र पर्यटनमैत्री वातावरण निर्माण गर्न परिषद्ले विभिन्न निकायसँग समन्वय गरेर काम गरिरहेको बताउनुभयो ।

परिषद्ले ठमेलको विकास र सुरक्षाका लागि सबै सरोकारवाला पक्षबीचको सहकार्यलाई अझ सुदृढ बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेको छ ।

## भलिबल लिगलाई एक्स्ट्रिमको साथ

काठमाडौं । केडिया ग्रुपको आयोजनामा हुने नेपाल भलिबल लिग (एनभिएल)लाई एक्स्ट्रिम इनर्जी ड्रिङ्क्सले मुख्य प्रायोजन गरेको छ ।

केडिया ग्रुपद्वारा बुधबार आयोजित पत्रकार सम्मेलनमा केडिया ग्रुप र एक्स्ट्रिम इनर्जी ड्रिङ्क्सबीच तीन वर्षका लागि प्रायोजन सम्झौता भएको हो । एक्स्ट्रिम इनर्जी ड्रिङ्क्सको तर्फबाट बजार व्यवस्थापक सोनिया राना र नेपाल भलिबल लिगका प्रबन्ध निर्देशक आश्विन केडियाले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो । सम्झौतापछि बजार व्यवस्थापक रानाले नेपाल भलिबल लिगसँग सहकार्य गर्न पाउँदा खुसी लागेको बताउनुभयो । त्यस्तै नेपाल भलिबल लिगका प्रमुख कार्यकारी अधिकृत सन्तोष उपाध्यायले टाइटल स्पोन्सरका रूपमा एक्स्ट्रिमलाई पाउँदा खुसी लागेको बताउनुभयो । उहाँले भलिबलमा निजी क्षेत्रको लगानी बढ्दै जानु सकारात्मक भएको उल्लेख गर्दै खेलकुदमा गरिएको लगानीको दीर्घकालीन प्रतिफल उठ्ने विश्वास व्यक्त गर्नुभयो ।

"नेपाल भलिबल लिगसँग एक्स्ट्रिमजस्तो संस्थाको सहकार्य हुनु सकारात्मक विषय हो । खेलकुदमा गरिएको लगानीले तत्काल मात्र नभई दीर्घकालीन रूपमा प्रतिफल दिने विश्वास छ," उहाँले भन्नुभयो । तीन वर्ष उक्त सम्झौता रु दुई करोड ७५ लाखको रहेको छ ।

नेपाल भलिबल सङ्घका उपाध्यक्ष भरतबहादुर शाहले पछिल्लो समय नेपाली भलिबलमा उल्लेख्य सुधार हुँदै गएको बताउनुभयो । विगतमा खेलाडीले विभिन्न समस्या र कठिनाइ भोग्नुपरेको स्मरण गर्दै उहाँले अहिले विभिन्न सङ्घसंस्था तथा निजी क्षेत्रसँगको समन्वयमा खेलाडीको व्यवस्थापन र प्रतियोगिता सञ्चालनमा सुधार आएको बताउनुभयो । "पहिलाको तुलनामा अहिले भलिबलमा धेरै सुधार भएको छ । विगतमा खेलाडीले निकै सकस व्यहोर्नुपर्ने अवस्था थियो । अहिले विभिन्न संस्था र सरोकारवालासँग समन्वय गरेर खेलाडीको व्यवस्थापनदेखि प्रतियोगिता सञ्चालन सम्मलाई व्यवस्थित बनाउने प्रयास भइरहेको छ," उपाध्यक्ष शाहले भन्नुभयो । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा आयोजना हुने उक्त प्रतियोगिता यही भदौ १९ देखि २७ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा विभिन्न ६ फ्रेन्चाइज टोलीको सहभागिता रहने छ ।

# फोटो प्रदर्शनीले नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने

काठमाडौं । राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपीजे) नेपाल र चाइना कल्चरल सेन्टर नेपालको सहकार्यमा १८७औं विश्व फोटोग्राफी दिवस तथा चाइना कल्चरल सेन्टर नेपालको १०औं वार्षिकोत्सवका अवसरमा काठमाडौंमा आयोजित 'थ्रु द आइज अफ नेपाली फोटो जर्नालिस्ट्स- चाइना' फोटो प्रदर्शनी सम्पन्न भएको छ ।

प्रदर्शनीको उद्घाटन कार्यक्रममा नेपालका लागि बङ्गलादेशका राजदूत मोहम्मद शफिकुर रहमानले नेपाल र चीनका तस्विरहरूलाई एउटै प्रदर्शनीमार्फत प्रस्तुत गर्नु सकारात्मक सन्देश भएको बताउनुभयो । यस्ता कार्यक्रमले विभिन्न देशबीचको आपसी सम्बन्ध, मित्रता तथा सांस्कृतिक आदान-प्रदानलाई थप बलियो बनाउन सहयोग पुग्ने उहाँको भनाइ थियो ।

चाइना कल्चरल सेन्टर नेपालका उपनिर्देशक लिउ झानपिङले नेपाली फोटो पत्रकारहरूले चीन भ्रमणका क्रममा खिचेका तस्विरमार्फत चीनको भौगोलिक बनावट, प्राकृतिक सौन्दर्य, व्यापार, धर्म, संस्कृति, सम्पदा तथा विकासलाई नेपाली दर्शकमाझ प्रस्तुत गर्न पाउँदा खुसी लागेको बताउनुभयो । कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथिहरूलाई स्वागत गर्दै यस्ता कार्यक्रमले नेपाल र चीनबीचको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउन सहयोग पुग्ने बताउनुभयो । नेपाल पर्यटन बोर्डका अफिस एक्टिङ डाइरेक्टर सुनील शर्माले नेपाल र चीनका फोटो पत्रकारबीचको यस्तो सहकार्यले दुई देशबीच पर्यटन तथा व्यावसायिक सम्बन्ध विस्तारमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । तस्विरका माध्यमबाट चीनका पर्यटकीय गन्तव्य तथा सांस्कृतिक पहिचानलाई नेपालमा चिनाउने अवसर प्राप्त भएको उहाँले बताउनुभयो । चाइना सेन्टर टेलिभिजनका मुख्य रिपोर्टर छाङ युएले नेपाल र चीनका फोटो पत्रकार तथा सञ्चारकर्मी बीचको सहकार्यले दुई देशबीचको आपसी सम्बन्धलाई थप मजबुत बनाउन योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो । प्रदर्शनीमा चीनका तस्विर प्रस्तुत गर्ने नेपाली फोटो पत्रकारहरूलाई धन्यवाद दिँदै उहाँले उनीहरूको मेहनत र सिर्जनशीलतामार्फत चीनलाई नेपाली फोटो पत्रकारहरूको दृष्टिकोणबाट बुझ्ने अवसर प्राप्त भएको बताउनुभयो । प्रदर्शनी अवलोकन गर्न सर्वसाधारण, सञ्चारकर्मी, फोटो पत्रकार, फोटोग्राफर, विभिन्न सङ्घ-संस्थाका प्रतिनिधि तथा पर्यटन क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको सहभागिता रहेको थियो । प्रदर्शनीमा राखिएका चीनका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा विकाससँग सम्बन्धित तस्विरहरूले दर्शकको ध्यान आकर्षित गरेका थिए । एनएफपीजे नेपालका अध्यक्ष प्रदीपराज वन्तले फोटोग्राफीले नेपाल र चीनबीचको मित्रता, आपसी समझदारी तथा सांस्कृतिक सम्बन्धलाई थप बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

सम्पादकीय ....

## प्रतिवद्धतालाई सम्झनुपर्ने

अहिले नयाँ सरकार आएको छ । दुई तिहाइ नजिकको जनमत पाएको सरकार भएकाले अब सरकारले के गर्छ भन्ने आशा हामीमा छ । केही आशा जागेको पनि छ। तर काम अघि नबढेकाले 'के हुँदैछ, कसरी अघि बढ्छ' भन्ने अन्योल पनि छ । त्यसैले अहिले हामी समस्यासँग जुध्दै अघि बढिरहेका छौं ।

निर्माणाधीन, निर्माण सम्पन्न भएका तथा अध्ययनका क्रममा रहेका विभिन्न आयोजनाका समस्याबारे विज्ञहरुबाट पहिलेदेखि नै राय सुझावहरु आईनैरहेका छन् तर सरकारले भने एउटा कानले सुन्ने र अर्को कानबाट उडाउने जस्तो काम गरिरेको छ, यसले नागरिकमात्रै होइन स्वयम् सरकारको पनि हित गर्दैन ।

देशका जनताले झन्डै दुई तिहाइनजिकको जनमत दिएर सरकारलाई निर्वाचित गरेका छन् । यो भनेको नै सरकारप्रतिको नयाँ आशा हो । अहिले ५०/५२ लाख जनताले मतदान गरेर पठाएको सरकारप्रति आशा राख्नु स्वाभाविक हो । त्यसैले नागरिकले सरकारप्रति आशा मार्ने कुरा छैन ।

निर्वाचनअघि विभिन्न राजनीतिक दलका मुख्य नेताहरूलाई भेटेर ऊर्जा क्षेत्रका माग सम्बोधन गर्न आग्रह गरेका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टीलगायत सबै दलका नेताहरूसँग नारिकले यसै खालको अपेषा सहितको प्रस्ताव राखेको कुरा कोही कसैसामु लुकेको छैन । दलहरुले पनि आफ्ना घोषणापत्र तथा वाचापत्रमा ऊर्जा क्षेत्रलाई प्राथमिकता दिनुपर्ने र ऊर्जा क्षेत्रले देशलाई समृद्ध बनाउन सक्ने विषय समेटेका छन् ।

अझ सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्रमा त हाम्रा झन्डै शतप्रतिशत माग समेटिएका छन् । त्यसपछि सय बुँदे कार्ययोजना आयो, त्यसमा पनि ऊर्जा क्षेत्रका विषय उल्लेख गरिएका छन्। १ सय ८० दिनभित्र विद्युत खरिद सम्झौता गर्ने कुरा उल्लेख छ ।

बजेटले पनि केही आशा जगाएको छ। प्रसारण लाइनका लागि ७० अर्ब रुपैयाँ विनियोजन गर्ने विषयले सरकारले ऊर्जा क्षेत्रको मर्म बुझेको देखिन्छ । तर कार्यान्वयनमा अझै आइसकेको छैन । पछिल्लो सय दिन यताका घटनाक्रमहरु हेर्ने हो भने त्यो खालको स्पिरिड सरकारले लिने हो कि होइन भन्ने शंका व्यक्त गर्ने ठाउँहरु भने प्रशस्ता छाडिदिएको छ ।

अहिले केही समय 'पर्ख र हेर'को अवस्था छ । सरकारको १०० दिन पनि पार भइसकेको छ । अब परिणाममुखी काम हुनुपर्छ । नतिजा आइसकेको छैन, तर आशा भने मरेको छैन ।

नेपालको विद्युत उत्पादन क्षमता अहिले करिब ४ हजार ३ सय मेगावाट पुगेको छ । यसमध्ये करिब ३ हजार ५ सय मेगावाट निजी क्षेत्रले मात्रै निर्माण गरेको हो । २५ वर्षमा ३ हजार ५ सय मेगावाट उत्पादन गर्ने निजी क्षेत्रलाई बजेटमार्फत उपेक्षा गरेजस्तो देखिन्छ । अहिलेसम्म सरकारले ८ सय मेगावाटमात्रै बनाएको छ। अहिले सरकारले नै बिजुली उत्पदन गर्ने गुलिया गफ मात्रै बनिरहेको छ । यसर्थ सरकारले आफ्ना प्रतिवद्धतालाई एकपटक पछाडि फर्केर हेर्न जमर्को गर्ने कोशिस् गरोस् ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्युष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्युष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## आस्था, इतिहास र विश्वासको धरोहर : इशानेश्वर महादेव

*जनक श्रेष्ठ*

बिहानको उज्यालो पूर्ण रूपमा फैलिन नपाउँदै मध्यनेपाल नगरपालिका–७ करापुटार स्थित इशानेश्वर महादेव मन्दिर परिसरमा भक्तजनको चहलपहल सुरु हुन्छ। कसैको हातमा दुध र बेलपत्र हुन्छ, कसैले पञ्चामृत बोकेका हुन्छन् भने कसैको मनमा सन्तान प्राप्ति र मनोकामना पूरा हुने विश्वास हुन्छ ।

वर्षभर दर्शनार्थीको आगमन भइरहने यस धार्मिकस्थलमा साउने सोमबार र महाशिवरात्रिका अवसरमा भने श्रद्धालुको विशेष घुइँचो लाग्ने गर्दछ । लमजुङको करापुटारमा अवस्थित इशानेश्वर महादेव मन्दिर धार्मिक आस्था, ऐतिहासिक महत्व र सांस्कृतिक विश्वास बोकेको महत्त्वपूर्ण तीर्थस्थलका रूपमा परिचित छ ।

विशेषगरी सन्तान प्राप्तिको कामना लिएर आउने भक्तजनको ठूलो विश्वासका कारण यो मन्दिर विशेष धार्मिक आस्थाको केन्द्र बनेको छ । शिव आराधनाको पुरानो परम्परा रहेको यस मन्दिरमा महाशिवरात्रिका अवसरमा रातभर जाग्राम बसेर 'ठाडो बत्ती' बाल्ने चलन छ । लामो समयसम्म सन्तान नभएका दम्पतीले श्रद्धापूर्वक ठाडो बत्ती बाल्दा सन्तान प्राप्त हुने तथा अन्य मनोकामना पूरा हुने धार्मिक विश्वासका कारण देशका विभिन्न स्थानबाट भक्तजन यहाँ आउने गरेका छन् ।

मन्दिरका पुजारी वामदेव सोतीका अनुसार इशानेश्वर महादेवप्रतिको भक्तजनको विश्वास निकै गहिरो छ । उहाँका अनुसार महाशिवरात्रिका अवसरमा यहाँ ठाडो बत्ती बाल्ने परम्परालाई विशेष महत्वका साथ पालना गरिन्छ । "सन्तान प्राप्त भएपछि महादेवलाई देखाउन पुनः आउने भक्तजन पनि धेरै हुनुहुन्छ", उहाँ भन्नुहुन्छ । स्थानीय जनश्रुतिअनुसार इशानेश्वर महादेवको सम्बन्ध गोरखाका राजा कृष्ण शाहको कथासँग पनि जोडिन्छ। लामो समयसम्म सन्तान नभएका राजा कृष्ण शाहले महाशिवरात्रिका दिन यहाँ आएर ठाडो बत्ती बालेर पूजा गरेपछि पुत्र प्राप्त भएको र छोराको नाम रुद्र शाह राखिएको विश्वास गरिन्छ ।

तनहुँको बन्दीपुर गाउँपालिका–३ की सृजना पौडेलले सन्तान प्राप्तिको कामनासहित २०७५ सालको महाशिवरात्रिमा इशानेश्वर महादेवमा आएर ठाडो बत्ती बाल्नुभएको थियो । उहाँका अनुसार त्यसपछि २०७६ मंसिरमा छोरा जन्मिएको थियो । "मैले २०७५ सालमा शिवरात्रि पर्वमा आएर ठाडो बत्ती बालेकी थिएँ, त्यसपछि २०७६ मंसिरमा छोरा जन्मियो," उहाँले बताउनुभयो । गोरखाकी विपना थापाको अनुभव पनि यस्तै छ । सन्तान प्राप्तिको कामना लिएर श्रीमान्सहित इशानेश्वर आउनुभएकी उहाँले महाशिवरात्रिका अवसरमा ठाडो बत्ती बाल्नुभएको थियो । पछि छोरा जन्मिएपछि उहाँ सन्तानसहित पुनः मन्दिर दर्शन गर्न आउनुभएको थियो ।

इशानेश्वर महादेव मन्दिरको इतिहास धार्मिक विश्वास र स्थानीय जनश्रुतिसँग गहिरोसँग जोडिएको छ । यस क्षेत्रको व्यवस्थित संरक्षण, प्रचार–प्रसार र विकासका लागि संस्थागत पहल हुँदै आएको इशानेश्वर क्षेत्र विकास समितिका पूर्वअध्यक्ष रामचन्द्र घिमिरे बताउनुहुन्छ । उहाँका अनुसार इशानेश्वर महादेव मन्दिर क्षेत्रको विकास र व्यवस्थापन गर्ने उद्देश्यले विसं २०६५ मा इशानेश्वर महादेव मन्दिर क्षेत्र विकास समिति गठन गरिएको थियो । त्यसपछि ट्रष्ट समिति गठन गरी मन्दिरको प्रचार–प्रसार, संरक्षण तथा विकासका कामलाई अघि बढाउँदै आएको उहाँ बताउनुहुन्छ ।

उहाँका अनुसार इशानेश्वर महादेवको परिचय, इतिहास र धार्मिक महत्व समेटिएको पुस्तकसमेत प्रकाशन गरिएको छ । सरकारबाट समेत यस क्षेत्रको धार्मिक महत्वलाई समेटेर प्रचार–प्रसारमा सहयोग भएको उहाँ बताउनुहुन्छ । स्वस्थानी व्रतकथामा उल्लेख भएका धार्मिक प्रसङ्गसँग समेत इशानेश्वर क्षेत्रलाई जोडेर हेर्ने गरिएको घिमिरे बताउनुहुन्छ । सतीदेवीको अङ्ग पतन भएको स्थानका रूपमा यस क्षेत्रलाई धार्मिक आस्थासँग जोड्ने गरिएको उहाँको भनाइ छ । "इशानेश्वर क्षेत्र शिव र सतीको प्रेमको प्रतीकका रूपमा समेत विश्वास गरिदै आएको छ", उहाँ भन्नुहुन्छ ।

"पछि मानिसहरू यहाँ आएर बसोबास गर्न थाले । खेती गर्ने क्रममा शिवलिङ्ग भेटिएको विश्वास गरिन्छ । त्यसपछि इशानेश्वरको महिमा फैलिँदै गएको हो," उहाँ भन्नुहुन्छ । इशानेश्वर महादेव मन्दिरको निर्माण विभिन्न कालखण्डमा हुँदै आएको छ । स्थानीय स्रोतका अनुसार १४१४ सालमा तत्कालीन लमजुङका राजा वीरनारायण शाहको पालामा मन्दिर निर्माण भएको विश्वास गरिन्छ । समयक्रममा विभिन्न राजा, स्थानीय समुदाय र सम्बन्धित निकायको सहयोगमा मन्दिर संरक्षण तथा विकासका काम हुँदै आएका छन् । २०७२ सालको भूकम्पबाट मन्दिरमा क्षति पुगेपछि पुरातत्व विभागको सहयोगमा पुरानै शैली कायम राख्दै पुनर्निर्माण गरिएको इशानेश्वर क्षेत्र विकास समितिका पूर्वअध्यक्ष रामचन्द्र घिमिरे बताउनुहुन्छ । उहाँका अनुसार पुरातत्व विभागको करिब रु एक करोड २० लाख ६८ हजार सहयोगमा मन्दिर पुनर्निर्माण गरिएको छ । मन्दिर परिसरमा गौरीशङ्कर मन्दिर र १०८ शिवलिङ्ग निर्माण गरिएको छ । घिमिरे भन्नुहुन्छ, "मन्दिरदेखि करिब साढे दुई सय मिटर माथिसम्म सिँढी निर्माण गर्ने योजना छ ।" इशानेश्वर क्षेत्र विकास समितिका वर्तमान अध्यक्ष गुणराज घिमिरे मन्दिरको धार्मिक महत्वलाई अझ विस्तार गर्दै संरक्षण, प्रचार–प्रसार र थप पूर्वाधार विकासमा समितिले निरन्तर काम गर्दै आएको बताउनुहुन्छ । पुरातत्व विभागको सहयोगमा मन्दिर पुनर्निर्माण गरिएको र भक्तजनबाट प्राप्त सहयोग तथा चन्दाबाट पनि विभिन्न संरचना निर्माण तथा व्यवस्थापनका काम हुँदै आएको छ । उहाँका अनुसार मन्दिर क्षेत्रमा धार्मिक तथा सांस्कृतिक गतिविधिलाई व्यवस्थित गर्न भविष्यमा गुरुकुल सञ्चालन गर्ने योजना रहेको छ ।

स्थानीय धार्मिक मान्यताअनुसार इशानेश्वर क्षेत्रमै देउवा दुरा र पञ्चबहादुर गुरुङले गीतमार्फत ठाडो भाकाको सुरुआत गरेको विश्वास गरिन्छ । महाशिवरात्रिका अवसरमा हरेक वर्ष करिब डेढदेखि दुई लाखसम्म भक्तजन तथा दर्शनार्थी आउने गरेका छन् । साउने सोमबारमा पनि टाढाटाढाबाट भक्तजन आउने र विशेष पूजा–आराधना हुने गरेको उहाँ बताउनुहुन्छ ।

मध्यनेपाल नगरपालिकाका उपप्रमुख सीता गुरुङका अनुसार नगरपालिकाले इशानेश्वर महादेव मन्दिर क्षेत्रको प्रचारप्रसार, संरक्षण र विकासका लागि सहयोग गर्दै आएको छ । "इशानेश्वर महादेव मन्दिरको धार्मिक तथा पर्यटकीय विकासका लागि नगरपालिकाको तर्फबाट आवश्यक सहयोग गर्दै आएका छौं ।

यस क्षेत्रलाई धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्ने प्रयास भइरहेको छ", गुरुङ भन्नुहुन्छ । उहाँका अनुसार नगरपालिकाले धार्मिक पर्यटन प्रवर्द्धनसँगै स्थानीय उत्पादनको बजारीकरणलाई समेत प्राथमिकता दिएको छ । ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय महत्व बोकेको इशानेश्वर महादेव मन्दिरको संरक्षण, प्रचारप्रसार र योजनाबद्ध विकास गर्नसके यो क्षेत्र धार्मिक पर्यटनको महत्त्वपूर्ण गन्तव्यका रूपमा अझ स्थापित हुनसक्ने देखिन्छ ।

## दुग्धजन्य उद्योगबाट आत्मनिर्भर बन्दै बछ्यौलीका ५० महिला

चितवन । बछ्यौलीका महिलाले सामूहिक दूध विविधिकरण पसल सञ्चालनमा ल्याएका छन् । स्थानीय उत्पादनलाई पर्यटनसँग जोड्ने उद्देश्यले सौराहामा आउने विदेशी पाहुनालाई स्थानीय उत्पादन चखाउने अभि:प्रायबाट दुग्ध विविधिकरण पसल सञ्चालन गरिएको हो ।

रत्ननगर नगरपालिका–६ बछौलीस्थित नारी चेतना मध्यवर्ती महिला उद्यमी समूहमा आबद्ध ५० जना महिलाले स्थानीय दूधको विविधिकरण डेरी पसल सञ्चालन गर्नुभएको छ । स्थानीय कृषि तथा पशुपालनलाई प्रोत्साहन गर्दै महिलालाई रोजगारी र उद्यमशीलतामा जोड्ने उद्देश्यले पसल सञ्चालन गरिएको समूहकी अध्यक्ष सुष्मा पौडेलले जानकारी दिनुभयो । पसलमा दूध, दही, घिउ, पनिर, चिज, बटर, आइसक्रिम, खुवा, चिया र कफीलगायतका परिकार बिक्रीका लागि राखिएको छ । हाल मही, दूध, दही, घिउ, पनिर र खुवालगायतका दुग्धजन्य पदार्थ उत्पादन भइरहेको छ । "मैले चार–पाँच वर्षदेखि डेरी सञ्चालन गर्दै आएकी थिएँ । त्यसबाट राम्रो आम्दानी भयो । त्यसपछि यहाँका अन्य महिला दिदीबहिनीलाई रोजगारी र उद्यममा जोड्ने उद्देश्यले सामूहिक पसल सञ्चालनमा ल्याएका हौँ", अध्यक्षले भन्नुभयो । उद्योग स्थापनाका लागि प्रदेश सरकारबाट रु १० लाख अनुदान प्राप्त भएको छ । बाँकी रकम ५० जना सेयर सदस्यबाट प्रतिव्यक्ति रु २५ हजारका दरले रु १२ लाख ५० हजार सङ्कलन गरी लगानी जुटाइ उद्योग सञ्चालन गरिएको हो ।

हाल दैनिक करिब २०० लिटर दूध सङ्कलन गरी विभिन्न दुग्धजन्य पदार्थ उत्पादन तथा बिक्री हुँदै आएको छ। मागअनुसार उत्पादन क्षमता विस्तार गर्ने योजना रहेको उहाँले बताउनुभयो । समूहमा आबद्ध केही महिलाले आफ्नै घरमा पशुपालन गर्दै आएका छन् । उनीहरूबाट दूध सङ्कलन गरी उद्योगमा प्रयोग भइरहेको र आगामी दिनमा थप महिलालाई पशुपालनमा प्रोत्साहित गर्दै समूहकै सदस्यबाट आवश्यक दूध आपूर्ति गर्ने योजना छ । सौराहा पर्यटकीय क्षेत्र हो । यहाँ बजारको अभाव छैन । स्थानीय महिलालाई रोजगारी दिने र स्थानीय उत्पादन पर्यटकलाई चखाउने मुख्य उद्देश्यले डेरी उद्योग सञ्चालन गरिएको बताइन्छ ।

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौ :**

- **उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,**
- **वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,**
- **आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,**
- **वस्तुमा भएको मिश्रण, तौल र परिमाण,**
- **वस्तुको अधिकतम् बिक्री मूल्य,**
- **गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,**
- **वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी ।**

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## बालश्रममुक्त स्थानीय तहका लागि तोकिएको जिम्मेवारी पूरा गर्न जोड

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशमा बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना तथा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ ।

अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) नेपालको सहकार्यमा युवा, श्रम तथा रोजगार मन्त्रालयले बुधबार धनगढीमा आयोजना गरेको प्रदेशस्तरीय अन्तरक्रियामा राष्ट्रिय गुरुयोजना र कार्यक्रम कार्यान्वयनका लागि तीनै तहका सरकारले तोकिएको जिम्मेवारी पूरा गर्नुपर्नेमा जोड दिइएको हो । कार्यक्रममा 'बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७' ले तोकेका सूचकको कार्यान्वयन, तीन तहका सरकारको भूमिका तथा बालश्रममा संलग्न बाल बालिकाको संरक्षण र पुनःस्थापनाका विषयमा छलफल गरिएको थियो ।

बालश्रम अन्त्य गर्न कानुनी दायित्वसँगै बालअधिकार र सामाजिक न्याय सुनिश्चित गर्न स्थानीय तहदेखि सङ्घीय सरकारसम्मको साझा प्रयास आवश्यक रहेको सहभागीले बताएका थिए ।

कार्यक्रममा मन्त्रालयका उपसचिव जितेन्द्रप्रसाद शर्माले 'बालश्रममुक्त नेपालः नीतिगत तथा कानुनी व्यवस्था, स्थानीय तहको भूमिका र घोषणा कार्यविधि' विषयमा प्रस्तुतीकरण गर्दै राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) ले सन् २०२५ सम्म निकृष्ट, अमर्यादित र जोखिमपूर्ण बालश्रम पूर्णरूपमा उन्मूलन गर्ने तथा सन् २०२८ सम्म नेपाललाई सबै प्रकारका बालश्रमबाट मुक्त देश बनाउने लक्ष्य लिएको जानकारी दिनुभयो। उहाँले बालश्रम निवारणका लागि स्थानीय तहलाई मुख्य जिम्मेवार निकायका रूपमा प्रस्तुत गर्दै बालबालिकाको आधारभूत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक, बालश्रमको सम्भावित क्षेत्र पहिचान, नीतिगत तथा बजेट व्यवस्था र नियमित अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो ।

बालश्रममुक्त स्थानीय तह घोषणा गर्न विद्यालय जाने उमेरका बालबालिकाको कम्तीमा ९५ प्रतिशत भर्ना, विद्यालय छाड्ने दरमा कमी, बालअधिकार समिति तथा बालकल्याण अधिकारीको व्यवस्था र सरोकारवाला निकायबीच समन्वय लगायतका सूचक पूरा गर्नुपर्ने व्यवस्था छ । नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ अनुसार पाँचदेखि १७ वर्ष उमेर समूहका करिब ७० लाख बालबालिकामध्ये ११ लाख अर्थात् १५ दशमलव तीन प्रतिशत बालश्रममा संलग्न थिए । तीमध्ये ८७ प्रतिशत कृषि क्षेत्रमा संलग्न रहेको कार्यक्रममा जानकारी दिइयो। सुदूर पश्चिममा बालश्रमिकको सङ्ख्या एक लाख ७१ हजार रहेको र बालश्रमको दर करिब २० दशमलव आठ प्रतिशत रहेको बताइएको छ । कार्यक्रममा आइएलओका प्राविधिक प्रस्तुतीकरणमार्फत बालश्रमसम्बन्धी आइएलओ महासन्धिका प्रमुख प्रावधान कार्यान्वयन गर्नु श्रमदाता, सरकार र सबै सरोकारवालाको दायित्व रहेको बताइएको थियो ।

संयुक्त राष्ट्र सङ्घीय बालकोष (युनिसेफ) का रामप्रसाद गौतमले बालश्रमका घटना व्यवस्थापन गर्दा सूचना प्राप्ति तथा दर्ता, प्रारम्भिक तथा विस्तृत लेखाजोखा, संरक्षण सेवा तथा हेरचाह योजना, अनुगमन तथा समीक्षा र लक्ष्य पूरा भएपछि घटना समापन गरी पाँच चरणको प्रक्रिया अवलम्बन गर्नुपर्ने जानकारी दिनुभयो । उद्धारपछि पनि बालबालिकाको स्वास्थ्य, शिक्षा, मनोसामाजिक सहयोग, पारिवारिक संरक्षण र सुरक्षित पुनर्मिलनमा निरन्तर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । आइएलओका वरिष्ठ कार्यक्रम अधिकृत बिना कुँवर थापाले बालश्रम अन्त्यका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धता कार्यान्वयनमा सबै पक्ष गम्भीर हुनुपर्ने बताउनुभयो । उहाँले बालबालिकालाई श्रममुक्त गराउनाका साथै शिक्षा, स्वास्थ्य, सुरक्षा, संरक्षण र सम्मानपूर्वक विकासको अवसर सुनिश्चित गर्न स्थानीय तहले आफ्ना नीति तथा योजना केन्द्रित गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा कैलालीका धनगढी उपमहानगरपालिका, गोदावरी नगर पालिका, गौरीगङ्गा नगरपालिका र कैलारी गाउँपालिका तथा कञ्चनपुरका दोधारा-चाँदनी, शुक्लाफाँटा र बेलडाँडी स्थानीय तहका प्रतिनिधिले बालश्रममुक्त पालिका घोषणाका लागि भइरहेका गतिविधिबारे जानकारी गराउनुभएको थियो। स्थानीय प्रतिनिधिले बाल-बालिकाको स्वास्थ्य, शिक्षा, पारिवारिक अवस्था, आयआर्जनको स्थिति, पुनः बालश्रममा फर्किन सक्ने जोखिम लगायतका विषयको मूल्याङ्कन गरी समग्र पुनःस्थापनाको योजना बनाउनुपर्नेमा जोड दिएका थिए । बालश्रममुक्त स्थानीय तह घोषणा अभियानलाई दिगो बनाउन राजनीतिक प्रतिबद्धता, पर्याप्त बजेट, नियमित अनुगमन, तथ्याङ्क अद्यावधिक र समुदायको सक्रिय सहभागिता आवश्यक रहेको सहभागीले बताएका थिए ।

## यस्ता छन् - बाल अधिकार सिकाइ सम्मेलनका घोषणा

काठमाडौं । बाल अधिकार सिकाइ सम्मेलन, २०८३ ले बालअधिकार संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि सरकारको ध्यानाकर्षण गराउँदै ३७ बुँदे घोषणापत्र जारी गरेको छ।

'विद्यालय र बालबालिका शान्ति क्षेत्र हुन्' र 'बालबालिका राष्ट्रिय गौरव हुन्' भन्ने नारासहित बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) को आयोजनामा भएको दुई दिने सम्मेलनको समापनका अवसरमा बुधबार घोषणापत्र जारी गरिएको हो । घोषणापत्रमा नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, राष्ट्रिय बालबालिका नीति तथा सरकारका नीति, कार्यक्रम र योजनामा रहेका बाल अधिकारसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन मा जोड दिइएको छ।

बालबालिकाको हकहित र अधिकार सुनिश्चित गर्न राष्ट्रिय बालअधिकार आयोग वा उच्चस्तरीय संयन्त्र गठन गर्नुपर्ने, तीनै तहका सरकारका नीति, कार्यक्रम र योजना निर्माणमा अर्थपूर्ण बालसहभागिता अनिवार्य गर्नुपर्ने तथा बालबालिकाका लागि लगानी वृद्धि गर्नुपर्ने माग घोषणापत्रमा गरिएको सिजपका अध्यक्ष तिलोत्तम पौडेलले जानकारी दिनुभयो ।

त्यस्तै बाल बजेट सङ्केत कार्यान्वयन कार्यविधि, २०८२ लागू गर्दै तीनै तहका सरकारले बालबालिकाका लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्ने, बालबालिकालाई अनलाइन हिंसा तथा दुर्व्यवहारबाट सुरक्षित राख्नुपर्ने र विद्यमान बाल संरक्षण प्रणालीलाई सुदृढ बनाउनुपर्नेमा जोड दिइएको छ।

बालबालिकामाथि हुने यौन हिंसा, दुर्व्यवहार, बलात्कार, शोषण तथा शारीरिक र मानसिक दण्डको अन्त्य, विद्यालयमा बालमनोविज्ञ र विद्यालय नर्सको व्यवस्था तथा बाल संरक्षण मापदण्ड निर्माण गर्नुपर्ने मागसमेत घोषणापत्रमा छ। सम्मेलनले विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा तथा कार्यान्वयन निर्देशिका, २०६८ र बालमैत्री स्थानीय शासन रणनीति, २०६८ लाई समयसापेक्ष परिमार्जन गर्न तथा विद्यालयलाई शान्ति, बालमैत्री र अपाङ्गतामैत्री बनाउने कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरेको छ।

घोषणापत्रमा दिवा खाजा कार्यक्रम कक्षा १० सम्म विस्तार गर्न, विद्यालयमा मर्यादित महिनावारी वातावरण निर्माण गर्न, बाल पोषण भत्ता सबै बालबालिकासम्म पुर्‍याउन तथा डिजिटल वातावरणलाई बालमैत्री र सुरक्षित बनाउन पनि माग गरिएको छ । बालविवाह अन्त्यका लागि विवाहको उमेर २० वर्ष कायम राख्दै राष्ट्रिय रणनीति कार्यान्वयन गर्न, बालश्रम अन्त्यसम्बन्धी कार्यविधि लागू गर्न तथा बालबालिका बेचबिखन अन्त्य र सडक बालबालिकामुक्त नेपाल कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरिएको छ।

अपाङ्गता भएका, सीमान्तीकृत, शरणार्थी तथा वैदेशिक रोजगारीमा रहेका परिवारका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र संरक्षण सुनिश्चित गर्नुपर्ने, द्वन्द्व, हिंसा र राजनीतिक गतिविधिबाट बालबालिकालाई मुक्त राख्नुपर्ने तथा बालबालिका र किशोरकिशोरीका लागि नागरिक स्थान र सहभागिताको अवसर सुनिश्चित गर्नुपर्ने माग पनि घोषणापत्रमा समेटिएको छ। जन्मदर्ता तथा नागरिकताको अभावमा कुनै पनि बालबालिका पहिचान विहीन बन्न नहुने, बाल हेल्पलाइन र बालबालिका खोजतलास सेवाजस्ता कार्यक्रमलाई व्यवस्थित गर्नुपर्ने तथा बालक्लबका पूर्वसदस्यलाई बालअधिकार अभियानमा परिचालन गर्नुपर्नेमा सम्मेलनले जोड दिएको छ । बालबालिका डुब्ने, बग्ने तथा दुर्घटनामा पर्ने जोखिमपूर्ण संरचनालाई सुरक्षित बनाउन, लागुऔषध दुर्व्यसनबाट बालबालिकालाई जोगाउन तथा स्थानीय तह, निजी क्षेत्र र नागरिक सङ्घसंस्थाबीच प्रभावकारी समन्वय र सहकार्य गर्न पनि घोषणापत्रमा आग्रह गरिएको छ।

राष्ट्रिय तथा अन्तरराष्ट्रिय बाल दिवसलाई स्थानीय तहका नीति तथा कार्यक्रममा समावेश गरी प्रभावकारी रूपमा मनाउन, विश्वव्यापी आवधिक समीक्षा (युपिआर) तथा बालअधिकार सम्बन्धी अन्तरराष्ट्रिय सुझाव कार्यान्वयन गर्न र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५७ मा रहेको बाल संरक्षणसम्बन्धी मापदण्ड सरकारी तथा निजी क्षेत्रमा तत्काल लागू गर्न माग गरिएको छ । सम्मेलनले बालअधिकार कार्यान्वयनको अवस्थाबारे नेपाली बालबालिका तथा नागरिक समाजलाई संयुक्त राष्ट्रसङ्घको बालअधिकार समितिमा आफ्नो धारणा राख्ने अवसर सुनिश्चित गर्न नेपाल सरकारलाई पहल गर्न आग्रह गरेको छ। साथै बालबालिकाको सर्वोत्तम हितलाई स्पष्ट रूपमा व्याख्या गरी आवश्यक मापदण्ड निर्धारण गर्न पनि माग गरिएको छ।

घोषणापत्रमा बालबालिका सम्बन्धी ऐन, २०७५ को संशोधन विधेयक प्रतिनिधिसभामा दर्ता भएको र त्यसमा राष्ट्रिय बाल अधिकार परिषद्लाई कायम राख्ने व्यवस्था गरिएकोमा स्वागत गरिएको छ। गत वैशाख ३० गते मन्त्रिपरिषद्को बैठकबाट खारेज गर्ने निर्णय भएको परिषद्लाई साउन २६ गतेको मन्त्रिपरिषद् बैठकले यथावत राख्ने निर्णय गरेकोमा अभियानले स्वागत गरेको छ ।

## साउनमा मात्रै ५७ हजार मेट्रिक टन ग्यास आयात

काठमाडौं । गत साउन महिनामा मात्रै ५७ हजार मेट्रिक टन बढी एलपी ग्यास आयात भएको छ । नेपाल आयल निगमका अनुसार पछिल्लो पाँच महिनामध्ये साउनमा सबैभन्दा बढी ग्यास आयात भएको हो ।

निगमका अनुसार गत साउनमा ५७ हजार ३१६ मेट्रिक टन ग्यास आयात भएको छ । गत असारमा ४४ हजार ५४४, जेठमा ३२ हजार ८४२, वैशाखमा ३२ हजार ५६ र चैतमा ३८ हजार ७९९ मेट्रिक टन ग्यास आयात भएको निगमका निर्देशक विनितमणि उपाध्यायले जानकारी दिनुभयो । साउनमा मात्रै देशभर ४० लाख ३६ हजार ३६४ थान सिलिण्डर बिक्री वितरण भएको निगमले जनाएको छ । असार महिनाका तुलनामा गत साउनमा करिब नौ लाख सिलिण्डर ग्यास बढी बिक्री भएको उहाँले जानकारी दिनुभयो। एलपी ग्यासको आयात तथा बिक्री वितरण आगामी दिनमा पनि निरन्तर हुँदै जाने उल्लेख गर्दै निर्देशक उपाध्यायले आवश्यकताअनुसार ग्यास खरिद गर्न उपभोक्तालाई आग्रह गर्नुभयो ।

## बाढीपीडितलाई राहत र खेलक्षेत्र सुधार्न आग्रह

काठमाडौं । प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा सांसदहरूले अविरल वर्षाका कारण मुलुकका केही क्षेत्रमा ठूलो जनधनको क्षति भएकाले तत्काल उद्धार र राहतमा ध्यान दिन आग्रह गर्नुभएको छ । विश्वविद्यालय शिक्षालाई उत्कृष्ट बनाउनुपर्ने, तराईका कतिपय क्षेत्रमा विद्युत् आपूर्तिमा समस्या देखिएकाले सहज बनाउनुपर्नेमा उहाँहरूको जोड थियो ।

सांसदहरूले बालबालिकामा मोबाइल मोह बढ्दै जाँदा स्वास्थ्यमा गम्भीर असर परिरहेकाले अभिभावकलाई लक्षित गरी डिजिटल सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने एवं नौसय मेगावाटको माथिल्लो कर्णाली जलविद्युत् आयोजना प्रक्रिया पूरा गरी निर्माण गर्न सरकारलाई सुझाव दिनुभयो । बैठकमा सांसदहरू नीमा अधिकारी आचार्य, विक्रम खनाल, विक्रम थापा, विपिनकुमार आचार्य, विष्णुबहादुर खड्का, विष्णुमाया विक, साजिदा खातुन सिद्धिकी, श्रीराम न्यौपाने, सन्तोष राजवंशी, सन्तोष सुब्बा, समीक्षा बास्कोटा, सरस्वती लामा, सागर भुसाल, सिर्जना श्रेष्ठले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। सांसदहरू सुनिताकुमारी चौधरी, सुनिल केसी, सुम्निमा उदास, सुरेशकुमार चौधरी, सुलभ खरेल, सुशान्त वैदिक, सुशीलकुमार तामाङ, सुशीला ढकाल आचार्यले सुस्मा स्वर्णाकार, सृष्टि भट्टराई, स्मृति सेन्चुरी, हरिप्रसाद भुसाल, ज्ञानु पौड्याल, सुशील खड्का, लालविक्रम थापालगायतले सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

## बलिदानीपूर्ण इतिहास सम्झिएर काम गर्न आग्रह

काठमाडौं । नेकपा (एमाले) संसदीय दलका नेता रामबहादुर थापाले लोकतन्त्रका लागि भएका बलिदानीपूर्ण इतिहास सम्झिएर काम गर्न सरकारलाई आग्रह गर्नुभएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा समय लिएर उहाँले लोकतन्त्र र जनजीविकाका सवालमा कुनै पनि प्रकारको प्रश्न खडा हुन नहुने बताउनुभयो ।

भूराजनीतिक चलखेलले नेपालको राष्ट्रियता र राज्यका अङ्गहरूमा खतरा पैदा गर्ने जनाउँदै सरकारले त्यस्ता खतराहरूबाट मुलुकलाई बचाउनुपर्नेमा नेता थापाको जोड थियो ।

सरकारले ट्रेड युनियन र विद्यार्थी सङ्गठन खारेज गरेर लोकतान्त्रिक अधिकारलाई कटौती गरेको टिप्पणी गर्दै उहाँले समाजमा महँगी, चोरी डकैती र अराजकता भइरहेको तथा सुकुमवासीको व्यवस्थापन भने हुन नसकेकामा आलोचना गर्नुभयो ।

नेता थापाले सरकार संसदप्रति जवाफदेही नभए वा सत्ता पक्ष-प्रतिपक्षबीच सार्थक संवाद हुन नसके पुनः आन्दोलन हुन सक्नेतर्फ सचेत गराउनुभयो ।

उहाँको अभिव्यक्तिप्रति राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद समीक्षा बास्कोटाले नियमापत्ति जनाउनुभयो ।

## क्रिप्टो कारोबारमा संलग्नमाथिको कारवाही तीव

काठमाडौं । रु सत्र करोड ७९ लाखभन्दा बढी क्रिप्टोकरेन्सी कारोबार गर्ने चिनियाँ नागरिक ३५ वर्षीय भु यी फेङ गत चैत १९ गते काठमाडौंको ठमेलबाट पक्राउ परे । रु तीस लाख ४९ हजार ७३६ बराबरको क्रिप्टोकरेन्सी कारोबार गर्ने बङ्गलादेशी नागरिक २९ वर्षीय मोहम्मल शेहाबुल इस्लाम गत चैत ११ गते पक्राउ परे ।

यस्तै क्रिप्टोकरेन्सी कारोबारमा सङ्लग्न काठमाडौंको नागार्जुन नगरपालिका-८ भीमढुङ्गा बस्ने २८ वर्षीय सागर गिरी र २८ वर्षीय प्रमोदप्रसाद धिताल गत चैत २ गते पक्राउ परे ।

प्रविधिको तीव्र विकास एवं सहज पहुँचसँगै यसको दुरुपयोगबाट हुने आपराधिक घटना पनि दिनानुदिन बढ्दै गइरहेको छ । पछिल्लो समय अनलाइन बेटिङ र क्रिप्टोकरेन्सीका कारोबार बढिरहेको हुँदा त्यस्ता किसिमका गतिविधि नियन्त्रण गरी संलग्नलाई कानुनी दायरामा ल्याउन प्रहरीले विशेष अभियान नै सञ्चालन गरेको छ ।

आर्थिक वर्ष २०८२/०८३ मा अनलाइन बेटिङमा संलग्न ४८ जना पक्राउ परे । जसमध्ये २६ जना विदेशी नागरिक र २२ जना स्वदेशी नागरिक छन् । यस्तै आर्थिक वर्ष २०८१/०८२ मा अनलाइन बेटिङमा संलग्न ९३ विदेशी नागरिकसमेत गरी जम्मा १४८ जना पक्राउ परेका थिए । आर्थिक वर्ष २०८०/०८१ मा अनलाइन बेटिङमा संलग्न १३ जना विदेशी नागरिकसमेत ६२ जना पक्राउ परेका थिए । आव २०८२/०८३ मा क्रिप्टोकरेन्सीमा संलग्न ४२ जना पक्राउ परे । जसमध्ये ७ जना विदेशी नागरिक र ३५ जना स्वदेशी नागरिक छन् । यस्तै आर्थिक वर्ष २०८१/०८२ मा क्रिप्टोकरेन्सीमा संलग्न ४५ विदेशी नागरिकसमेत गरी जम्मा ११७ जना पक्राउ परेका थिए । आर्थिक वर्ष २०८०/०८१ मा क्रिप्टोकरेन्सीमा संलग्न ५ जना विदेशी नागरिकसहित १० जना पक्राउ परेका थिए ।

विशेषगरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलकुद प्रतियोगिता भइरहेको अवस्थामा विभिन्न अनलाइन बेटिङ प्लेटफर्महरू धेरै सक्रिय हुने गरेको अनुसन्धानका क्रममा पाइएको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले अनलाइन बेटिङ नेटवर्क एवं क्रिप्टोकरेन्सी कारोबार नियन्त्रण गर्न सूचना सङ्कलन र निगरानीलाई विशेष प्राथमिकतामा राखी प्रहरीले काम गर्दै आइरहेको बताउनुहुन्छ । "सट्टाबाजी हुने सम्भावित स्थान, गिरोह र व्यक्तिको बारेमा गोप्य सूचना सङ्कलन, अनलाइन सट्टाबाजी (विशेष गरी खेलकुद बेटिङ) मा संलग्न नेटवर्कको डिजिटल निगरानी एवं बैंकिङ तथा डिजिटल वालेटमार्फत हुने कारोबारको निगरानीमा समेत प्रहरीले थप संवेदनशील भई कार्य गर्दै आइरहेको छ", उहाँले भन्नुभयो ।

अनलाइन बेटिङ साइबर अपराध, ठगी र हुण्डीसँग पनि जोडिएको हुन्छ ।

## समाजको कथाः पेन्सन पट्टा

गण्डकी । यहि भदौ २६ गतेदेखि प्रदर्शनमा आउन लागेको चलचित्र 'पेन्सन पट्टा' नेपाली समाजको जीवन्त कथामा आधारित रहेकाले दर्शकको मन जित्ने विश्वास निर्माण पक्ष र कलाकारले गरेका छन् ।

चलचित्रबारे जानकारी दिन बुधबार पोखरामा आयोजित पत्रकार भेटघाटमा अभिनेता दयाहाङ राईले चलचित्र हेर्दा दर्शकले आफ्नै समाज र परिवेशको झझल्को पाउने बताउनुभयो । "चलचित्रले प्रेम, भावना, सम्बन्ध र समाजको संरचनालाई सरल ढङ्गले प्रस्तुत गरेको छ", उहाँले भन्नुभयो । तीस-चालीस वर्षअघिको नेपाली समाजमा पेन्सन पट्टाको भूमिका निकै महत्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले भूतपूर्व गोर्खाली सैनिकले समाज र देशका लागि दिएको योगदान सम्झनलायक रहेको बताउनुभयो । 'पेन्सन पट्टा'ले केवल एउटा परिवारको कथा मात्र नभनी समाजभित्रका व्यथा र मनोविज्ञानलाई प्रतिनिधित्व गर्ने अभिनेता राईको भनाइ छ । "चलचित्रमा निभाएको चरित्रमार्फत आम नेपाली समाजलाई थोरै भए पनि बुझ्न पाएको छु । पेन्सन पट्टा निकै सरल रूपमा प्रस्तुत गरिएको कथा हो । हरेक वर्गका मानिसले बुझ्न सक्छन्", उहाँले भन्नुभयो ।

चलचित्रका लेखक तथा निर्देशक माओत्से गुरुङले आमाले पेन्सन नपाउँदा नेपाली समाजका धेरै परिवारले भोगिरहेको समस्यालाई कथाको आधार बनाइएको बताउनुभयो । गोर्खालीको निधनपछि उसको परिवारले पेन्सनबापत पाउने सुविधालाई सहज रूपमा ग्रहण गर्न नसक्दा उत्पन्न हुने समस्या, उतारचढाव र सामाजिक परिवेशलाई चलचित्रमा प्रस्तुत गरिएको उहाँको भनाइ छ । निर्देशक गुरुङले आफूहरूले आफ्नै परिवेशको कथा इमानदारीपूर्वक प्रस्तुत गरेको बताउनुभयो । चलचित्रकी अभिनेत्री सोल गुरुङले कथा मन परेकै कारण आफू चलचित्रमा जोडिएको बताउनुभयो । अभिनेत्री मनिका गुरुङले 'पेन्सन पट्टा'को विषयवस्तुले आफूलाई आकर्षित गरेको बताउनुभयो ।

कास्कीको ताङतिङ र आसपासका क्षेत्रमा छायाङ्कन गरिएको यस चलचित्रमा दयाहाङ राई, गौमाया गुरुङ, विल्सनविक्रम राई, बुद्धि तामाङ, दिवङ्गत सुनिल थापा, माया गुरुङ, विश्वास गुरुङ, सोल गुरुङ, मनिका गुरुङ, डिभी गुरुङ, पञ्चसुब्बा गुरुङ (दिलु) लगायतका कलाकारको अभिनय रहेको छ ।

## कृषि उद्यम केन्द्रको आमन्त्रित सदस्यमा धादिङका रोहित भण्डारी मनोनित

❑ *प्रत्यूष समाचारदाता*



धादिङबेशी । धादिङ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष रोहित भण्डारी नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गतको कृषि उद्यम केन्द्र (एईसी) को आमन्त्रित सदस्यमा मनोनित हुनुभएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शिव प्रसाद घिमिरेको सभापतित्वमा बसेको कार्यकारिणी समिति सदस्यको बैठकबाट गठन गरिएको कृषि उद्यम केन्द्रमा भण्डारीलाई आमन्त्रित सदस्यका रूपमा मनोनयन गरिएको महासंघले पत्रमार्फत जानकारी गराएको हो । महासंघले भण्डारीको अनुभव, व्यावसायिक दक्षता र योगदानले कृषि उद्यम केन्द्रको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ। केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न उहाँबाट आवश्यक सहयोग, मार्गदर्शन र प्रतिबद्धताको अपेक्षा गरिएको मनोनयन पत्रमा उल्लेख छ । धादिङको उद्योग तथा व्यवसाय क्षेत्रको नेतृत्वमा सक्रिय भण्डारीको मनोनयनसँगै महासंघअन्तर्गतको कृषि उद्यम केन्द्रमा धादिङको व्यावसायिक क्षेत्रको प्रतिनिधित्वसमेत भएको छ ।

कृषि उत्पादनलाई उद्यम र बजारसँग जोड्ने विषयमा केन्द्रले काम गर्ने भएकाले धादिङका कृषि उद्यमी तथा व्यवसायीका सवाल राष्ट्रिय तहमा पुर्‍याउनसमेत उहाँको भूमिका महत्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

## सवारी तथा यातायात ऐन-२०८३मा श्रमिकको विषय समेट्न माग

काठमाडौँ । यातायात व्यवसायी तथा मजदुरले बुधबार प्रस्तावित 'सवारी तथा यातायात ऐन-२०८३' मा यातायात व्यवसायी र श्रमिकको विषय समेट्न माग गरेका छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ र यातायात मजदुर सङ्घ सङ्गठनले बुधबार पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेललाई भेटेर प्रस्तावित ऐनको मस्यौदामा यातायात व्यवसायी र श्रमिकका समस्या र अधिकारलाई समेट्न माग गरेका हुन् ।

सो अवसरमा व्यवसायी तथा मजदुरले प्रस्तावित ऐनका केही व्यवस्था अत्यधिक दण्डमुखी, व्यावहारिक कठिनाइ सिर्जना गर्ने तथा यातायात श्रमिक र स्वरोजगार व्यवसायीलाई प्रत्यक्ष असर पार्ने प्रकृतिका रहेको भन्दै सरोकारवालासँग पर्याप्त छलफल गरेर मात्र कानुनलाई अन्तिम रूप दिन माग गरेका हुन् ।

भेटमा महासङ्घका अध्यक्ष पुण्यप्रसाद (सरोज) सिटौलाले प्रस्तावित ऐनमा जरिवानाको रकम उल्लेख्य रूपमा वृद्धि गरिएको भन्दै यसलाई पुनरावलोकन गर्न आग्रह गर्नुभयो ।

उहाँले काठमाडौँ उपत्यकालाई मात्र आधार बनाएर जरिवाना निर्धारण गर्न नहुने र हिमाल, पहाड, तराई तथा ग्रामीण क्षेत्रका सवारी धनी र चालकको आर्थिक अवस्थासमेत ध्यानमा राखेर जरिवाना निर्धारण गर्नुपर्ने बताउनुभयो ।

भेटमा सभापति गजुरेलले सरोकारवालासँग पर्याप्त छलफल र बहसपछि मात्रै 'सवारी तथा यातायात ऐन-२०८३' लाई समृद्ध बनाइने बताउनुभयो । ऐनले सार्वजनिक यातायात क्षेत्रलाई यात्रुमैत्री, लगानीमैत्री र श्रमिकमैत्री बनाउने विषयमा सरकारको ध्यान केन्द्रित रहेको उहाँले बताउनुभयो । सरकारले यस विषयमा गम्भीरतापूर्वक काम गर्नपर्ने कुरामा सो क्रममा जोड दिइएको थियो ।

भेटमा महासङ्घका वरिष्ठ उपाध्यक्ष सानुकाजी प्रजापति, महासचिव डेकनाथ गौतम, कोषाध्यक्ष राजेन्द्र आचार्य, बागमती प्रदेशका संयोजक सुवन गिरी, नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका अध्यक्ष भीमज्वाला राई, अखिल नेपाल यातायात मजदुर सङ्घका अध्यक्ष दीपक केसी, नेपाल यातायात मजदुर सङ्घका अध्यक्ष धर्मराज भण्डारी लगायतको सहभागिता रहेको बताइएको छ ।

## कर्णालीका मुख्यमन्त्री शाहीलाई विश्वासको मत

कर्णाली । कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले विश्वासको मत प्राप्त गर्नुभएको छ ।

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको आठौँ अधिवेशनको बुधबार बसेको २७औँ बैठकमा मुख्यमन्त्री शाहीले विश्वासको मत प्राप्त गर्नुभएको हो । बैठकमा प्रदेश सभामुख नन्दा गुरुङले नेपालको संविधानको धारा १८८ को उपधारा १ बमोजिम प्रदेशसभा समक्ष विश्वासको मतका लागि वक्तव्यसहित मुख्यमन्त्री शाहीलाई कर्णाली प्रदेशसभा नियमावली २०८१ नियम १५१ को उपनियम ४ बमोजिम सभामा प्रस्ताव पेश गर्न समय दिनुभयो । सोही अनुसार मुख्यमन्त्री शाहीले बैठकमा प्रस्ताव पेश गरेसँगै आवश्यक छलफलपश्चात् सभामुख गुरुङले मत विभाजनको प्रक्रिया सुरु गर्नुभयो । कुल ४० प्रदेशभा सदस्यमा ३६ सभा सदस्यले मतदान गरेका थिए ।

मुख्यमन्त्री शाहीको पक्षमा २१ जनाले तथा विपक्षमा १३ जनाले मतदान गरेका थिए । दुई जना तटस्थ बसेका सभामुख गुरुङले बताउनुभयो ।


# नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश नेपाल

**एम.आई.एस. अपरेटर सेवा करारमा लिने सम्बन्धी सूचना**

(प्रथम पटक सूचना प्रकाशन मिति: २०८३।०५।०४)

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत यस कार्यालयमा रिक्त रहेको तपसिल बमोजिमको जनशक्ति सेवा इकाईका लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड २०७६ अनुसार सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त बुझाउन अनुरोध गरिन्छ ।

तपशिल

१. करार सेवामा आवश्यक जनशक्ति विवरण:

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १. | ०१-०८३।०८४ | एम.आई.एस. अपरेटर | १ |

२.आवश्यक न्यूनतम् शैक्षिक योग्यता : कम्तिमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ मा कम्प्युटर विषय लिई उतीर्ण गरेको वा कम्तीमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तीमा ६ महिना तालिम प्राप्त गरेको ।
३.उमेर : १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष ननाघेको ।
४.दरखास्त दिने अन्तिम मिति : २०८३।०५।१८
५.दरखास्त दस्तुर : रु. ७००।-
६.दरखास्त फाराम पाईने तथा बुझाउने स्थान: नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङ
७.दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु : नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, कम्प्युटर तालिम प्रमाणपत्रको प्रतिलिपि, ३ प्रति पासपोर्ट साईजको फोटो, अनुभव सम्बन्धी कागजात ।
८.छनौटको आधार : सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड २०७६ बमोजिम संक्षिप्त सूची, कम्प्युटर टाइपिंग तथा सीप परीक्षण र अन्तर्वार्ता ।
९.पारिश्रमिक तथा सेवा सुविधा : कार्यालयको नियमानुसार
१०.शर्त तथा मापदण्ड : करार सेवाको लागि प्रचलित कानूनद्वारा अयोग्य नठहरेको हुनुपर्ने ।
११.यो सूचना अनुसार दरखास्त तथा सेवा करार स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

अन्य थप जानकारीको लागि नीलकण्ठ नगरपालिकाको वेभपेज www.neelakanthamun.gov.np वा कार्यालयको फोन नं. ०१०-५२०५५९ मा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत


## प्रधानमन्त्रीसँग मन्त्रीहरूको कार्यसम्पादन सम्झौता

काठमाडौँ । प्रधानमन्त्री बालेन्द्र शाहसँग मन्त्रीहरूले चालु आर्थिक वर्षमा गरिने मुख्य काम र उपलब्धिका लागि कार्यसम्पादन सम्झौता गर्नुभएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मन्त्रीहरूले बुधबार प्रधानमन्त्रीसँग कार्यसम्पादन सम्झौतामा हस्ताक्षर र सम्झौताको प्रति आदानप्रदान गर्नुभएको हो । उहाँहरूले सुशासन, सामाजिक न्याय र समृद्धिसँग सम्बन्धित कार्यसम्पादन सम्झौता गर्नुभएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले जानकारी दिनुभयो ।

सम्झौताका आधारमा प्रधानमन्त्रीले मन्त्रीहरुको काम, कार्यसम्पादनको मूल्याङ्कन गर्ने, अनुगमन गर्ने, जवाफदेही बनाउन सहयोग गर्छ । यसैका आधारमा मन्त्रीहरुले सचिवहरूसँग पनि सम्झौता गर्नुहुन्छ । सम्झौतामा सरकारले घोषणा गरेका नीति, कार्यक्रम र बजेट र नीतिले लिएका लक्ष्य पूरा गर्न सहयोग पुग्छ । प्रधानमन्त्री शाहले अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठ, गृहमन्त्री सुधन गुरुङ, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम, विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनसँग कार्यसम्पादन सम्झौता गर्नुभएको हो ।

साथै महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादी, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल, स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता, शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडक राज पौडेल, सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना, कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले पनि प्रधानमन्त्रीसँग कार्यसम्पादन सम्झौता गर्नुभएको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,website:epratyush.com